सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान पुन्ना, डोटीको आयोजनामा २०८२/०८३ बार्षिक स्वीकृत कार्यक्रम बमोजिम सुदूरपश्चिम प्रदेश अन्तर्गतका प्रदेश तथा स्थानीय तहमा कार्यरत सहायकस्तर पाचौं/अधिकृत स्तर छैठौ तहका कर्मचारीहरुका लागि ३० कार्यदिन सेवाकालिन प्रशिक्षण मिति २०८२ पौष २४ गतेदेखि पुन्ना, डोटीमा जिल्ला समन्वय समिति डोटीका प्रमुख श्री लक्ष्मण बहादुर सिंह, दिपायल सिलगढी नगरपालिका प्रमुख श्री बाजिसिंह खड्का तथा प्रतिष्ठानका कार्यकारी निर्देशक श्री गेहेन्द्र बमको सहभागितामा संयूक्त रुपमा शुभारम्भ गर्नु भएको छ । सेवाकालिन प्रशिक्षणमा ३० जना कर्मचारीहरुको सहभागिता रहेको छ | सेवाकालिन प्रशिक्षणबाट निम्न विषयहरुमा सहभागिहरुले व्यवहारिक ज्ञान प्राप्त गर्नेछन् । सहभागीहरुलाई प्रदेश सरकार र स्थानीय तहका आधारभूत काम, कर्तव्य र अधिकारको वारेमा जानकारी दिई प्रभावकारी सेवा प्रवाहका लागि उत्प्रेरित गर्ने, सहभागीमा नेतृत्व सीप, उत्प्रेरणा, अन्तरवैयक्तिक सम्बन्धको विकास, जनसम्पर्कको कौशलता, सकारात्मक सोच, सदाचार, समूह कार्यको महत्व, द्वन्द्व व्यवस्थापन, शिष्टाचार, तनाव र परिवर्तन व्यवस्थापन एवं कार्यालय संचालनका नविन ज्ञान र सीप प्रवाह गरी दक्ष बनाउने ।

सहभागीहरुलाई जलवायु परिवर्तन, बालमैत्री शासन, लैगिंक समानता र सामाजिक समावेशीकरण, विद्युतीय शासन, स्थानीय तहहरूको स्वमूल्यांकनका आधारहरु र दिगो विकासका लक्ष्यहरु लगायतको जानकारीका माध्यमद्वारा स्वस्फूर्तरूपमा भविष्यपरक दृष्टिकोण बनाइ प्रभावकारी ढंगले काम र्न सक्षम तुल्याउने । यो सेवाकालिन प्रशिक्षण पाचौं/छैठौ तहका कर्मचारीहरुका लागि दोश्रो लटको कार्यक्रम प्रतिष्ठानले आयोजना गरेको हो ।




सेवाकालिन तालिम


सेवाकालिन तालिम